# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४१ ) काठमाडौं, असार ४ गते २०४८ साल ( अतिरिक्ताङ्क १५ (ग)

## भाग ३

### श्री ५ को सरकार
### अर्थ मन्त्रालयको सूचना

श्री ५ को सरकारले अन्तःशुल्क ऐन, २०१४ को दफा १८ को उपदफा (१) र बिक्रीकर ऐन, २०२३ को दफा २१ ले दिएको अधिकार प्रयोग गरी सर्वसाधारणको प्रयोगको लागि स्वदेशमा उत्पादित सिमेण्टमा मिति २०४८।२।१ देखि कारखाना मूल्य वृद्धिको कारणबाट उपभोक्ता मूल्य वृद्धि हुन गएकोले आर्थिक ऐन बमोजिम अन्तःशुल्कको कायम दर १८% मा ३% ले र बिक्रीकरको कायम दर १५% मा २% ले मिति २०४८।३।४ देखि लागू हुने गरी छूट दिने निर्णय गरेकोले सूचना प्रकाशित गरिएको छ ।

आज्ञाले,
शशिनारायण शाह
श्री ५ को सरकारको का. मु. सचिव

मुद्रण तथा प्रकाशन विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

222

मुद्रण विभाग, सिंहदरबार

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।